नेपाल राजपत्र

श्री ५ को सरकारद्वारा प्रकाशित

खण्ड ४४) काठमाडौं, जेठ १३ गते २०५१ साल (अतिरिक्ताङ्क ७ (क)

भाग ४

श्री ५ महाराजाधिराजका प्रमुख सचिवालय

राजदरबारको सूचना १

माननीय अर्थ राज्यमन्त्री श्री महेश आचार्य इजिप्टको राजधानी कायरोमा हुने असंलग्न समूहको एघारौं मन्त्रीस्तरीय सम्मेलनमा भाग लिन यही २०५१ साल जेठ १५ गते त्यसतर्फ जानु हुने भएकोले उहाँको अनुपस्थितिमा उहाँले सम्हाली आउनु भएको अर्थ मन्त्रालयको कार्यभार सम्माननीय प्रधानमन्त्रीको सिफारिशमा माननीय स्वास्थ्य राज्यमन्त्री डा. रामवरण यादवले सम्हाल्नु हुनेछ ।

सूचना २

माननीय भूमिसुधार तथा व्यवस्था राज्यमन्त्री श्री सिद्धराज ओझा स्वेड सर्भेद्वारा कित्ता नापीको क्षेत्रमा हासिल भएको बहुउद्देश्यीय विशेषताको अध्ययन अवलोकन भ्रमणको लागी यही २०५१ साल जेठ १४ गते स्वीडेन जानु हुने भएकोले उहाँको अनुपस्थितिमा उहाँले सम्हाली आउनु भएको भूमिसुधार तथा व्यवस्था मन्त्रालयको कार्यभार सम्माननीय प्रधानमन्त्रीको सिफारिशमा माननीय जलस्रोत राज्यमन्त्री श्री लक्ष्मणप्रसाद घिमिरेले सम्हाल्नु हुनेछ ।

हुकुम बक्से बमोजिम,
रेवतीरमण खनाल
श्री ५ महाराजाधिराजका प्रमुख सचिव

मुद्रण विभाग, सिंहदरबार, काठमाडौंमा मुद्रित ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

मुद्रण विभाग, सिंहदरबार

६१२

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।